# ताराखोला गाउँपालिको आ.व.२०८०/८१ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

[illegible] गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
गण्डकी प्रदेश, नेपाल

ताराखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अर्गल बागलुङ ।

मितिः-२०८०/०९/०३ गते मंगलबार ।
स्थानः- ताराखोला गाउँपालिका वडा नं.५ करिमेला बजार ।

# आर्थिक वर्ष ०८०/०८१ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

## १. पृष्ठभूमि

"संस्थागत सुशासन प्रवर्धनको लागि सार्वजनिक सुनुवाई"
"सार्वजनिक जवाफदेहिताको लागि सार्वजनिक सुनुवाई"

सार्वजनिक निकायले गर्ने काम कारबाहीका सम्बन्धमा सार्वजनिक पदाधिकारी र सरोकारवाला निकायहरूबीच हुने प्रत्यक्ष अन्तरक्रियालाई सार्वजनिक सुनुवाइ भनिन्छ । सरोकारवाला र सार्वजनिक पदाधिकारीहरूको उपस्थितिमा सार्वजनिक स्थलमा छलफल तथा प्रश्नोत्तरको माध्यमबाट सार्वजनिक सुनुवाइ गरिन्छ । सार्वजनिक सुनुवाइलाई नागरिकहरुको सूचनाको हकको प्रवर्द्धन गर्ने माध्यमको रूपमा लिइन्छ भने सार्वजनिक सुनुवाइले सुशासनको मान्यतालाई आत्मसात् गरेको हुन्छ । सार्वजनिक सुनुवाई जनताको अदालत हो जसले सुशासनको मान्यतालाई अंगिकार गरेको हुन्छ ।

सार्वजनिक निकायले निश्चित समयमा सम्पादन गरेका काम कारवाहीहरुको सम्बन्धमा जानकारी गराउनुको साथै सार्वजनिक निकाय प्रति जनतामा रहेको गुनासो वा अपेक्षाहरुलाई सार्वजनिक सुनुवाईको मार्फत सम्वोधन वा सार्वजनिक प्रतिवद्धता गराई जिम्मेवार पदाधिकारी वा निकायहरुलाई जनता प्रति उत्तरदायी र जवाफदेही बनाउन आयोजना गरिने अस्त्र सार्वजनिक सुनुवाई हो ।

यसरी नै ताराखोला गाउँपालिकाले आफुले गरेका गतिविधिहरु विभिन्न माध्यमबाट जनता समक्ष पुर्याउदै आएको छ । विगतका वर्षहरुमा पनि सार्वजनिक सुनुवाईको माध्यमबाट गाउँपालिकाको गतिविधिहरु र जनताबाट प्राप्त हुने गुनासाहरु सम्वोधन र प्रतिवद्धता व्यक्त गर्दै आएको थियो ।

## २. सेवा प्रभावकारीतामा सार्वजनिक सुनुवाईको महत्व

क) सार्वजनिक प्रशासनमा जवाफदेहिता प्रवर्धन गर्न,
ख) सार्वजनिक पदाधिकारिको स्वच्छाचारीता नियन्त्रण गर्न,
ग) सेवा प्रदायकबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गर्न,
घ) शासन प्रक्रियामा सहभागिता अभिवृद्धि गर्न,
ङ) विगतका गल्ति कमजोरिहरुको समिक्षा गरि पुन दोहोरिन नदिन,

ताराखोला गाउँपालिकामा आ.व.२०८०/८१ मा भएको भौतिक तथा वित्तीय प्रगति यस प्रकार रहेको छ, जसमा उपस्थित आम नागरिहरुले सवाल जवाफ गर्न सक्नुहुनेछ ।

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## ३. प्रथम चौमासिक आय/व्यय विवरण

- कुल आय जम्मा रु. ३६,६७,९३,०००।-
- बजेट खर्च जम्मा रु. ६,५५,५४,५८०।-
- वित्तीय प्रगती (कुल बजेटको आधारमा);- १७.८७%
- चालु खर्चः-२१.२५%
- पुँजिगत खर्चः-१४.१५%

## ४. प्रथम चौमासिक प्रगति (शाखागत)

क) योजना, कार्यक्रम, अनुगमन तथा मुल्याङकन शाखा,

क्रमागत योजना अन्तर्गत,

- वडा नं.१ को प्रशासनीक भवन निर्माण लागत रु.१,४८,६६,९८८.५१।—
- कृषि उपज संकलन केन्द्र वडा नं.१ निर्माण लागत रु. ७७,५९,९००.८६।—
- सुरक्षित मातृत्व महिला समुहको भवन निर्माण लागत रु. ८४,२६,८१९.७४।—
- औद्योगिक ग्राममा पर्खाल निर्माण कार्यको लागत रु. ५७,११,५२३.९८।-
- जनप्रमे मा.वि भवन निर्माण कार्यको निरन्तरता,
- खेलकुदको पर्खाल निर्माण कार्यको निरन्तरता,
- गाउँपालिकाको व्याकुलोडरले (१-५) वडामा मोटरबाटो सरसफाई १७५ घण्टा संचालन भएको र ९५० लि. डिजेल प्रयोग भएको,
- प्रशासनिक भवनमा ट्रस निर्माण कार्य सम्पन्न भएको छ भने भुक्तानी कार्य बाकि रहेको छ ।

ख) स्वास्थ्य शाखा

- आ.व.२०७९/८० को वार्षिक समिक्षा सम्पन्न भएको,
- पोषण, पि एन सि र क्षयरोगको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको,
- स्तानपात सप्ताह कार्यक्रममा आमा र बच्चा सहित १४४ जनाको सहभागिता भएको
- ०-५ वर्षसम्मका ६४१ जना बालबालिकालाई भिटामिन ए र ५७२ जनालाई जुकाको औषधी वितरण गरिएको,
- किशोर किशोरीहरुलाई पोषण कार्यक्रम अन्तर्गत ३९५ जनालाई आईरन चक्कि वितरण गरिएको,
- गाउँपालिकाको वर्थिङ्ग सेन्टरबाट २८ जना प्रसुति गराईएको र ३४ जनालाई सुत्केरी घरभेट कार्यक्रम गरिएको,
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत २१ वटा कार्यक्रममा ७७४ जना सहभागि रहेको,

ग) शिक्षा शाखा

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

- शैक्षिक सत्र २०७९ मा कक्षा १० र १२ मा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कृत र विद्यालयलाई सम्मान गरिएको,
- वृहत शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ८ वटा विद्यालयमा Smart talking education को सुरुवात गरिएको,

घ) कृषि तथा पशु विकास शाखा

- ५ वटै वडामा पशु प्राविधिक र ल्याब सहितको डिस्पेन्सरी संचालन भईरहेको जसमा १३०९ कृषक उपचारित पशुपंक्षि ६९४७ रहेको छ,
- कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत १९ वटा गाई र ९ वटा भैसि मा सम्पन्न भएको

ङ) महिला तथा बालबालिका विकास शाखा

- ३ वटा 'ख' वर्गको अपाङ्गता परिचयपत्र वितरण गरिएको,
- बाल दिवस कार्यक्रम सम्पन्न गरिएको, (रु.६१,८५०)
- बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०८० स्वीकृत गरि ताराखोला गाउँपालिकालाई वि.स. २०८५ सम्म बालमैत्री स्थानीय शासन घोषणा गर्ने तयारी रहेको,

च) रोजगार शाखा

- १६ जना लाभग्राहीलाई श्रम स्वीकृतिको लागि सहजिकरण भएको,
- ताराखोला पदमार्ग निर्माण (रु.४,००,०००) र घुम्मेली गोरेटोबाटो निर्माण (रु.१,४०,०००) निर्माण सम्पन्न भएको,
- प्रत्येक वडामा रु. ७,००,०००।— को योजना सम्पन्न हुने गरि १९ वटा योजनाको लागत अनुमान तयार भएको,

छ) लघु उद्यम विकास शाखा

- सबै वडामा तालिमको आवश्यकता पहिचान गरि ६० जना सम्भावित उद्यमीहरु छनौट गरिएको,
- ५ वटा तालिम छनौट गरि संचालनको तयारी रहेको ।

ज) राजश्व शाखा

- निकासि कर (रु.२०,२५,०००।-) र कवाडी संकलन कर (रु.१,६५,०००।-) को ठेक्का व्यवस्थापन भएको,
- आन्तरिक आय रु. ८,८१,३७५.३५।—

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | वडा नं. | व्यक्तिगत घटन | सम्पत्ति कर | नाता प्रमाणित | व्यवसाय रजिष्ट्रे | अन्य मनोर | सिफारिश दस्तुर | भुमिकर/मालपोत | अन्य दस्तुर | जग्गा / घर वहाल | अन्य सेवा शुल्क | अन्य प्रशासनि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 1 | 3,400.00 | 23,000.00 | 4,000.00 | 10,000.00 | 250.00 | 25,800.00 | 72,821.00 | 4,660.00 | | | | 1,43,931.00 |
| 2 | 2 | 4,200.00 | 4,200.00 | 7,500.00 | 17,000.00 | | 71,597.00 | 24,675.00 | 20,405.00 | | | | 1,49,577.00 |
| 3 | 3 | 3,600.00 | 18,250.00 | 4,500.00 | 1,350.00 | | 89,581.00 | 74,291.00 | 5,809.00 | | | | 1,97,381.00 |
| 4 | 4 | 3,800.00 | 15,900.00 | 5,500.00 | 4,450.00 | | 63,476.28 | 42,311.90 | 10,728.17 | 21,600.00 | | | 1,67,766.35 |
| 5 | 5 | 2,200.00 | 4,300.00 | 7,000.00 | 2,950.00 | | 47,035.00 | 22,954.00 | 14,021.00 | 39,000.00 | 3,410.00 | | 1,42,870.00 |
| 6 | गाउँपालिका नगदी संकलन केन्द्र | 200.00 | | 1,000.00 | 250.00 | | 3,000.00 | | 15,500.00 | | 27,000.00 | 8,000.00 | 54,950.00 |
| 7 | अमरभुमी स्वास्थ्य चौकी ल्याब | | | | | | | | | | 8,200.00 | | 8,200.00 |
| 8 | अर्गल स्वास्थ्य चौकी ल्याब | | | | | | | | | | 4,100.00 | | 4,100.00 |
| 9 | ताराखोला स्वास्थ्य चौकी ल्याब | | | | | | | | | | 3,100.00 | | 3,100.00 |
| 10 | हिल स्वास्थ्य चौकी ल्याब | | | | | | | | | | 9,500.00 | | 9,500.00 |
| | जम्मा | 17400.00 | 65650.00 | 29500.00 | 36000.00 | 250.00 | 300489.28 | 237052.90 | 71123.17 | 60600.00 | 55310.00 | 8000.00 | 881375.35 |

## ५. प्रशासनिक तथा सुशासन तर्फ

- श्रम रोजगार बैक संचालनको लागि ६७ जना श्रम सदस्य छनौट भएको,
- सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत प्रथम चौमासिक मा रु.१,४३,३९,६८२।— खर्च भएको,
- न्ययिक समितिमा ६ वटा (वडा मेलमिलाप केन्द्र सहित) निवेदन दर्ता भएकोमा ४ वटा मिलापत्र भईसकेको,
- बजार अनुगमनको कार्य सम्पन्न भएको,
- नागरिक आरोग्य सेवा केन्द्रबाट ५७७ जना विरामीले लाभ लिएको,
- आ.व.२०७९/८० को बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको (जसमा ८८.१५% वित्तीय प्रगति भएको थियो भने रु.७४,३१,१९८.९६।- आन्तरीक आय संकलन भएको थियो)

## ६. समस्या तथा चुनौतीहरु

- वर्षात र प्रतिकुल मौसम,
- न्युन आन्तरिक आय,
- सुचना प्रविधिको भरपुर उपयोग,
- उपभोक्ता समिति र जनश्रमदान तथा मर्मत संभार,
- भौगोलिक हिसाबले विकास निर्माण र सेवा प्रवाहको लागि महंगो,
- उचित जनशक्ति व्यवस्थापन,

अन्त्यमा, नागरिक सचेतना अभिवृद्धिको लागि

कानुन भन्दा माथि कोहि हुदैन, संविधान देशको मुल कानुन हो,

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

संविधानको भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४८ मा नागरिकका कर्तव्य देहाय बमोजिम हुनेछन:-

क) राष्ट्रप्रति निष्ठावान हुदैं नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, र अखण्डताको रक्षा गर्नु,

ख) संविधान र कानूनको पालना गर्नु,

ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,

घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

राज्यका काम कारवाहि लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेहि र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचनल गराउने सम्बन्धाम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, ताराखोला गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०७९ बमोजिम यो प्रतिवेदन सार्वजनिक गरेको निवेदन गर्न चाहन्छु ।

चिरञ्जिबि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**धन्यवाद!!**